महाकुलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु

स्था:

१ नं.प्रदेश, नेपाल

प.सं.२०७९/०८०
च.नं. ०७-६८१

मितिः २०७९/११/०३

श्री आधारभूत तह कक्षा ८ सञ्चालित सम्पूर्ण विद्यालयहरु,
महाकुलुङ गाउँपालिका, सोलुखुम्बु ।

**विषयः <u>विवरण सच्याउने, प्रवेश पत्र प्रिन्ट तथा प्रयोगात्मक अंक प्रविष्ट गर्ने सम्बन्धमा</u> ।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७९ को आधारभूत तह (कक्षा -८) उत्तीर्ण परीक्षा **एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)** बाट सञ्चालन तथा व्यवस्थापन गर्नका लागि यस गाउँपालिकाले विद्यालयलाई आफ्नो IEMIS मा परीक्षा सम्बन्धी काम गर्नका लागि आवश्यक मात्रामा अनुमति दिई सकेको हुदाँ विद्यालयले तपसिलका कार्यहरु गर्नुहुनका लागि अनुरोध छ ।

तपसिलः

१. विद्यालयले सबैभन्दा पहिला आफ्नो विद्यार्थीको विवरण (नामथर, जन्म मिति, बाबुको नाम तथा आमाको नाम) ठीक छ की छैन भनेर एकीन गर्नुपर्दछ । यदी छैन भने उक्त विवरण विद्यालय स्वयमले नै सच्याउनु पर्ने हुन्छ । यसका लागि देहायका कार्यहरु गर्नुहोस ।

- सर्वप्रथम आफ्नो विद्यालयको IEMIS File मा प्रवेश गर्नका लागि कुनै पनि Brower मा गई iemis.cehrd.gov.np मा Login गरी देखिने कोठामा विद्यालयको School Code र Password राखी Login गर्नुहोस । अब विद्यालयको Profile को बायाँ तर्फको Icon मा Excel Download मा Click गरी आफ्नो विद्यालयको IEMIS File Download गर्नुहोस । बायाँ तर्फ कै Icon मा तलतिर IEMIS Converter देखिन्छ, उक्त Converter लाई समेत Download गर्नुहोस र आफ्नो IEMIS File लाई Import गर्नुहोस । यसरी Import गर्दा IEMIS File New Imported file मा गएर बस्छ । अब Download भएको File लाई हटाइदिनुहोस । Import भएको File मा विद्यार्थीको जन्म दर्ता अनुसारको विवरण सच्याउनु होस र त्यसलाई Save गरी राख्नुहोस । विवरण सच्याइएको आफ्नो विद्यालयको IEMIS File Upload गर्नका लागि उक्त File तत्काल‍ै शिक्षा शाखामा उपलब्ध गराउनुहोस । उक्त फायल स्थानीय तहको Account बाट मात्र Upload हुन्छ । (विवरण ठीक भएको अवस्थामा यो कार्य गर्नुपर्दैन ।)

२: विवरण ठीक भएको/नभएको एकीन भई सकेपछी विद्यालयले आफ्नो विद्यालयको IEMIS Account बाट विद्यार्थीको Admit Card प्राप्त गर्न सकिन्छ । जसका लागि देहाय अनुसारका कार्यहरु गर्नुहोस ।

- बायाँ तर्फको Icon तर्फ Admit Card मा Click गर्ने, जहाँ Student देखिन्छ, Click गर्दै जादाँ Year मा 2079, Grade मा 8 गर्दा Admit Card देखिन्छ । माथि पट्टी Template 1 र Template 2 देखिन्छ, जहाँ Template 2 मा Click गर्ने र दायाँ तर्फ रहेको Print मा Click गरी Admit Card लाई आफुले चाहे जस्तो Size मा बनाई Print गरेर विद्यार्थी, प्रधानाध्यापकले हस्ताक्षर गर्ने/गराउने । Admit Card मा भएका विषय नमिलेमा तुरुन्त शिक्षा शाखामा जानकारी गराउने । शिक्षा शाखामा उक्त Admit Card प्रमाणित गर्नका लागि

Email: mahakulung.rum@gmail.com
Web: mahakulungmun.gov.np

विद्यार्थीको ३ प्रति पासपोर्ट साइजको फोटो सहित 2 प्रति भरेर जन्मदर्ताको प्रमाणित प्रतिलिपी सहित मिति २०७९ फाल्गुन २० गतेभित्र अनिवार्य पेश गर्ने।

३. प्रयोगात्मक अंक प्रविष्टका लागिः

- विद्यालयले फाल्गुन १५ गते भित्र सबै विषयको प्रयोगात्मक परीक्षा सञ्चालन गरी आफ्नो विद्यालयको IEMIS Profile मा रहेको बायाँ तर्फको Icon मा Manage Exam मा गई Grade wise Marks Management मा Click गर्ने, यस पछि देखा पर्ने Year मा 2079, Grade मा 8 र Mark Catogory मा Practical गर्दा विद्यार्थी विवरण खुल्छ । जहाँ Symbol No. नराख्ने, विद्यार्थी विद्यालयमा छैनन भने Not in School गर्ने । सबै विद्यार्थीको सबै विषयको प्रयोगात्मक अंक भर्ने र अन्तिममा रहेको Submit Bottom मा Click गरी अंक Submit गर्ने। प्रयोगात्मक अंकको प्रमाणित प्रति शिक्षा शाखामा Admit Card सगै पेश गर्ने।

*(नोटः विद्यालयको IEMIS विवरण अध्यावधिक गर्न तथा कक्षा ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि Facebook Page को IEMIS Group मा रहेको भिडियोहरुको सहयोग लिने वा शिक्षा शाखामा सम्पर्क गरी सहयोग लिन सकिनेछ। विद्यार्थीहरुको विवरण फरक पर्न गएमा विद्यालय स्वयमं जिम्मेवारी हुनुपर्नेछ।)*

२०७९।११।०२

झमक बहादुर कटुवाल
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री सूचना तथा सञ्चार प्रविधि शाखा (गाउँपालिकाको बेवसाइटमा प्रविष्ट गरिदिनु हुन।)